उमाकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्र संख्या: ०८३/०८४

चलानी नं: ९९६९

मितिः– २०८३/०७/१२

ने.स. ११४६

श्री जो जससँग सम्वन्ध राख्दछ ।

विषयः- आचारसंहिता जारी गरिएको सम्वन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाले मिति २०८३/०६/२३ गते बिभिन्न योजनाहरुको बोलपत्र पेश गर्ने सूचना प्रकाशन गरेकोमा बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०७/१३ गते मध्यान्ह १२ बजेसम्म रहेकोमा बोलपत्र दर्ता प्रकृयालाई व्यवस्थित बनाउनको लागि तपशिल बमोजिमको आचारसंहिता जारी गरिएको बेहोरा सम्वन्धित सबैलाई जानकारी गराईन्छ । आचारसंहिताको पुर्ण पालना गरी बोलपत्र दर्ता प्रकृयालाई व्यवस्थित बनाइदिनुहुन अनुरोध गरिन्छ ।

तपशिल

१. २०८३/०७/१३ गते बोलपत्र दर्ता गर्नेको हकमा कार्यालयको मुख्य प्रवेशद्धारबाट सोहि दिन बिहान ११.३० बजे भित्र टोकन लिईसक्नु पर्नेछ ।
२. २०८३/०७/१३ गते बोलपत्र दर्ता गर्नेको हकमा मुख्य प्रवेशद्धारमा रहेको आगन्तुक पुस्तकमा अनिवार्य उपस्थिति जनाउनु पर्नेछ ।
३. २०८३/०७/१३ गते बोलपत्र दर्ता गर्नेको हकमा बोलपत्र दर्ता गर्ने स्थानमा टोकन नं अनुसार बोलपत्र दर्ता गर्नुपर्नेछ ।
४. बोलपत्र दर्ता गरिसके पछि बोलपत्र दर्ता गरेको निस्सा अनिवार्य लिनुपर्नेछ (बोलपत्र दर्ता गरेको निस्सा प्राप्त गरिसकेपछि मात्र बोलपत्र दर्ता गरेको मानिनछ।
५. आचारसंहितामा छुट भएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

२०८३/०७/१२

.....

खरिद इकाई संयोजक

डावा शेर्पा

अधिकृतस्तर सातौं